# Invitation for Sealed Quotation

Name of the Office: Palhinandan Rural Municipality
Address of the Office: **Palhinandan Nawalparasi (Ba.Su.Pa)**

Invitation for Sealed Quotation for the procurement of Procurement of Medicines Sealed Quotation No: PNRM/NCB/MED/081/082/01

Date of Publication : 28-11-2024

1. The Palhinandan Rural Municipality invites sealed quotations from registered Suppliers for the Procurement of Medicines.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of ito.palhinandanrm@gmail.com.
   OR
   [may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Palhinandan Rural Municipality and the office Palhinandan Rural Municipality eligible Bidders on the submission of a written application, along with the copy of company/firmregistration certificate, and upon payment of a non-refundable fee of NRs.3000.0 till 29-12-2024 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. Name of the Bank :Nepal Bank Ltd. ii. Name of Office :Palhinandan Rural Municipality
   iii. Office Code no :8010547055 iv. Office Account No : 24803000001001000001
   v. Rajaswa (revenue) Shirshak No : 0000
5. Sealed bids must be submitted to the office Palhinandan Rural Municipality by hand orthrough e-GP system i.e www.bopatra.gov.np/egp on or before 29-12-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 29-12-2024 13:00 at the office of
   Palhinandan Rural Municipality
   Palhinandan
   Nawalparasi, Ba.Su.Pa
   Lumbini Province
   Nepal.
   Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 92,000 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes tosubmit the Cash Security, the cash should be deposited in Deposit Account No.[24803000003000000001] at [Nepal Bank Ltd. , Palhinandan Branch] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| सि.नं | कामको विवरण | ठेक्का नं. | धरौटी रकम |
|---|---|---|---|
| १ | औषधी खरिद | PNRM/NCB/MED/081/082/01 | ९२०००। |

२०८१/८/१२

प्रमुख प्रशासकीय अधिकृत

पाल्हीनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

# रामपुरमा नि:शुल्क लोकसेवा आयोग तयारी कक्षा सुरु

पाल्पा (बुटवल टुडे), १२ मंसिर- पाल्पा, रामपुर नगरपालिका लोकसेवा आयोग तयारी कक्षा सुरु भएको छ। रामपुर नगरपालिकाको आयोजनामा मंगलबार देखि नि:शुल्क दुई महिने लोक सेवा आयोग तयारी कक्षा सुरु भएको हो।

तयारी कक्षाको रामपुर नगरपालिकाको सभाहलमा कार्यक्रम गरी शुभारम्भ गरिएको थियो। कक्षाको शुभारम्भ गर्दै रामपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले उच्च मनोवलका साथ अध्ययन गरे सफलता प्राप्त गरिने उल्लेख गरे। साथै लगनशीलता र मेहेनतका साथ अध्ययन गर्न आग्रह गरेका थिए।



यस्तै रामपुर नगरपालिकाका प्रशासन अधिकृत एवं लोक सेवा आयोग तयारी कक्षाका संयोजक युवराज पन्थीले कार्यक्रमको बारेमा प्रष्ट पार्दै लोक सेवा आयोगको तयारीका लागि ज्ञान सीप र तरिका सिकाइने बताए। शहीद बहुमुखी क्याम्पस रामपुरका स्ववियु सभापति ल्याकत अलीले लोकसेवा आयोगमा प्रतिस्पर्धा गर्नका लागि आवश्यक सिप प्रदान गर्न नगरपालिकाले लगानी गरेको र यो अवसरको भरपुर सदुपयोग गर्न अनुरोध गरेका थिए।। अन्य जिल्लाहरुको तुलनामा पाल्पाका राष्ट्रसेवक कर्मचारी कम रहेको भन्दै त्यसलाई वृद्धि गर्नका लागि लोक सेवा आयोगमा प्रवेश गर्नु पर्नेमा जोड दिए। योजना शाखा प्रमुख विक्रम बस्नेतका अनुसार लोकसेवा आयोग तयारी कक्षामा ७२ जनाको सहभागीता रहेको छ। रामपुर नगरपालिकाले केही वर्ष देखि निरन्तर रुपमा कक्षा सञ्चालन गर्दै आएको छ।

# ब्लाक्क एण्ड डेक्करका नयाँ उत्पादन बजारमा

बुटवल(बुटवल टुडे) मंसिर - ११४ बर्षको लामो ईतिहास बोकेको विश्वविख्यात अमेरिकी नम्बर १ ब्रान्ड ब्लाक्क एण्ड डेक्करले यो जाडोको आधुनिक समाधान स्वरूप उपयोगी विभिन्न आधुनिक उपकरणहरू आकर्षक छुट सहित बजारमा ल्याएको छ। जाडो महिनामा घरायसी कार्य सहज र जनजीवन आरामदायी बनाउने उपायलाई मध्यनजरमा राखेर प्रिमियम ब्रान्ड ब्लाक्क एण्ड डेक्करले ओ.एफ.आर हिटर, पि.टि.सि हिटर, फ्यान हिटर, एअर ह्युमिडिफायर, एअर फ्राइर, इलेक्ट्रिक ओभन, ओ.टि.जि ओभन, इलेक्ट्रिक प्रेसर कूकर, कफी मेकर र किल्ली जस्ता अत्यन्तै उपयोगी उत्पादनहरू आकर्षक मूल्यमा बजारमा ल्याएको छ।




अन्तरराष्ट्रिय प्रिमियम ब्रान्ड ब्लाक्क एण्ड डेक्करका उत्पादनहरू आधुनिक डिजाईनका टिकाउ र भरपर्दो रहेको र यी उत्पादनहरूको प्रयोगले उपभोक्ताहरूको जनजीवन सहज हुनेमा कम्पनी विश्वस्त छ। ब्लाक्क एण्ड डेक्करले प्रविधिको क्षेत्रमा नवीनता र आयाम थप्दै आफ्नो सुरुवाती दिनहरूदेखि नै नेपाली बजारमा सर्वाधिक लोकप्रियता बटुल्दै आइरहेको कम्पनीले दाबी गरेको छ। ब्लाक्क एण्ड डेक्करका हरेक उत्पादनहरूमा २४ महिनाको वारेन्टी रहेको छ। नेपालको लागि ब्लाक्क एण्ड डेक्कर ब्राण्डका आधिकारिक बिक्रेता चौधरी ग्रुप रहेको छ।

# काम परिणाममूलक बनाउन प्रधानमन्त्रीको निर्देशन



काठमाडौं, १२ मंसिर। प्रधानमन्त्री केपी शर्मा ओलीले विद्यमान स्थितिमा परिवर्तन ल्याउनेगरी प्रभावकारी रुपमा काम गर्न मन्त्री र सचिवहरुलाई निर्देशन दिएका छन्। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको प्रथम त्रैमासिकको समीक्षा बैठकमा प्रधानमन्त्री ओलीले सोचेजति काम नभएकाले विद्यमान स्थितिमा परिवर्तन ल्याउनैपर्नेमा जोड दिएका हुन्। स्रोतको सुनिश्चितताविना अघिल्लो सरकारबाट प्रस्तुत बजेट आएकाले पनि काम गर्न सहज नभएको उल्लेख गर्दै उनले बजेटको समीक्षा गर्न सकिने तर काम गर्ने शैलीमा भने आमूल परिवर्तन ल्याउनुपर्ने बताए। सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू, राष्ट्रिय योजना आयोगका पदाधिकारी, मुख्यसचिव र सचिवहरूसहितको बैठकमा प्रधानमन्त्री ओलीले बजेट र कार्यक्रमका विसङ्गतिलाई व्यवस्थापन गर्नुपरेको बताउँदै ११ हजार नक्कली आयोजना ल्याइएको र बहुवर्षीयखालका योजनामा यस वर्ष रु २० लाखमात्रै बजेट राख्ने खालका विकृति अन्त्य हुनुपर्ने उल्लेख गरे। "हरेक मन्त्रालयले उत्पादन, कृषि, ऊर्जा वा सूचना प्रविधि आदिका क्षेत्रमा हामीले नयाँ क्रान्तिकारी काम के गर्न सक्छौं भनेर सोच्नुपर्ने भएको छ। राष्ट्रिय विकासको काम र देशको अर्थतन्त्र परिचालन गफका भरमा चल्दैन।

प्रक्रियावादमा मात्रै नअल्झौं। हामीले जनताका अपेक्षाबमोजिम ठोस र परिणाममूलक काम गर्न सक्नुपर्छ। देशमा रोजगारी र आम्दानी बढाउने नीति लिनुपर्छ। काम नहुँदा निरीह भएर हेरेर मात्रै हुँदैन, अब के गर्ने भन्ने ठोस योजना मलाई चाहियो। हामी सरकारमा भएको उपादेयता हुनुपर्‍यो। हिम्मतिलो तरिकाले अगाडि बढौं", प्रधानमन्त्री ओलीले भने, "तल्लो वर्गसम्म कसरी लाभ दिन सकिन्छ बन्द भएका उद्योगहरू के गर्ने हो हामीले चलाउन सक्दैनौ भने चलाउनसक्नेलाई चलाउन किन नदिने परिणाम नदिने र प्रभावकारी नहुने अनावश्यक संरचनाहरू किन राख्ने ?" उनले अब अल्याइटल्याइ गर्ने समय नरहेकाले कुनै मन्त्रीको कार्यसक्षमता प्रभावकारी नभएमा त्यसमा पनि समीक्षा गर्नुपर्ने र कर्मचारीले उत्साहका साथ काम गर्नुपर्नेमा जोड दिए। प्रधानमन्त्री, मन्त्री र सचिवले सकारात्मक परिणामका लागि आफ्नो ठाउँबाट हस्तक्षेप गर्नुपर्ने र काम नगर्ने कर्मचारीलाई सरुवा मात्रै नगरेर कारबाही गर्नुपर्नेमा उनले धारणा राखे।प्रधानमन्त्री ओलीले सरकारका उपलब्धिहरू मानिसका व्यवहारमा देखिनुपर्ने भएकाले समीक्षा र बैठकहरूले मात्रै परिणाम नदिने भएकाले उत्पादन र परिवर्तनमा केन्द्रित हुन आग्रह गरे।




# १५औं कपिलवस्तु महोत्सवको तयारी तीव्र

चारनम्बर (बुटवल टुडे), १२ मंसिर - १५ औं कपिलवस्तु महोत्सवको तयारी तिव्र पारिएको छ। महोत्सवका निर्देशक समेत रहेका कपिलवस्तु उद्योग बाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हुमनाथ पौडेलले तयारी तिव्र भएको बताए। विभिन्न समिति, उपसमितिमार्फत महोत्सवको तयारी तीव्र भईरहेको बताउँदै उनले भने, 'फिल्डमा देखिने गरि करिब ६० प्रतिशत काम सम्पन्न गरिसकेका छौं। कम्पाण्ड निर्माणको काम पूर्ण रूपमा सकिएको छ।' महोत्सवमा साढे २ लाख दर्शन भित्राउँदै करिब १० करोडको आर्थिक कारोबार गर्ने लक्ष्य रहेको उनले बताए।



स्टल, मञ्च, सचिवालय, प्रवेशद्वार, बालउद्यान निर्माणको काम धमाधम भईरहेको रहेको उनले बताए। महोत्सवको प्रवेश गेट पशुपतिनाथ मन्दिरको स्वरूपमा निर्माण गरिने उनले बताए। यस जिल्लाभित्र रहेका धार्मिक, ऐतिहासिक तथा पर्यटकिय, औधोगिक तथा व्यापारिक क्षेत्रको डकुमेन्ट्री निर्माण गरि महोत्सव अवधिभर प्रदर्शन गरिने बताए। कपिलवस्तु महोत्सव अन्य क्षेत्रका महोत्सव भन्दा पृथक रहदैं आएको बताउँदै उनले भने, 'यस अघिको महोत्सवमा भएका कमीकमजोरी र गर्न नसकेका क्रियाकलापलाई समेट्दै दर्शकलाई नयाँपन दिने गरि तयारी भईरहेको छ।'महोत्सवले औद्योगिक एवं हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटन लगायत कृषिजन्य उत्पादन, प्रवर्धन तथा बजारीकरणमा सघाउ पुग्ने उनले बताए। आर्थिक मन्दी झेलिरहेका उद्यमी व्यवसायी र आम सर्वसाधारणलाई आर्थिक पुनरुत्थानको आयामको रूपमा महोत्सवलाई लिन सकिने उनको भनाई छ। 'अर्थतन्त्रलाई चलायमान गराउँन महोत्सवले टेवा पुग्ने छ,' उनले भने, 'उद्योग, व्यवसायको प्रवर्द्धन गर्दै उद्योगी व्यवसायीलाई केही राहत दिलाउने छ।

महोत्सवमा यस क्षेत्रका पर्यटकीय गन्तव्यको प्रचारप्रसार गर्दै कपिलवस्तुको व्यवसायलाई प्रतिबिम्बित गरिने उनले बताए। उनले हस्तकलाको प्रदर्शनसँगै शैक्षिक प्रदर्शनी र कृषि प्रदर्शनी समेत हुने बताए। विगतका महोत्सवमा रहदै आएका विभिन्न खानाका परिकार, बालउद्यान जस्ता गतिविधिलाई निरन्तरता दिने उनले बताए। महोत्सवको मुख्य आकर्षणको रूपमा रहदै आएको कपिलवस्तु डान्स आईडललाई निरन्तरता दिएको बताउँदै उनले भने, 'पहिलो चरणको अडिसन सकिएको छ। दोस्रो चरणको अडिसन मंसिर १३ र १४ गते हुदैछ।' यही मंसिर १९ गतेदेखि पौष २ गतेसम्म कपिलवस्तु उद्योग बाणिज्य संघको आयोजनामा १५ औं कपिलवस्तु महोत्सव एवम् कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनी हुदैं छ। महोत्सव बाणगंगाको चारनम्बरमा अवस्थित बुद्धरंगशालामा हुन लागेको हो।

# बुटवलमा डेङ्गी खोज र नष्ट गर अभियान जारी

बुटवल (बुटवल टुडे), १२ मंसिर- बुटवल उपमहानगरपालिकामा डेङ्गी खोज र नष्ट गर अभियान सुरु भएको छ।

स्वास्थ्य कार्यालय रुपन्देही, बुटवल उपमहानगरपालिका, टोल विकास संस्थाहरूसँगको सहकार्यमा बुटवल उपमहानगरपालिका वडा नं ५ का सम्भावित जोखिमयुक्त क्षेत्रमा डेङ्गीको लार्भा खोज र नष्ट गर अभियान सुरु गरिएको बुटवल उपमहानगरपालिका स्वास्थ्य शाखा प्रमुख युवराज पाण्डेले जानकारी दिए। बुटवलको मुख्य हाटबजार र तिनाउ नदि किनारको बस्ती रहेको ५ नम्बर वडा डेङ्गी संक्रमणको सम्भावित जोखिमयुक्त क्षेत्र भएकोले डेङ्गीको लार्भा खोज र नष्ट गर अभियान सञ्चालन गरिएको बुटवल उपमहानगरपालिका स्वास्थ्य शाखाकी जनस्वास्थ्य निरीक्षक कल्पना पाण्डे भुसालले बताइन्। यो अभियान दुई दिनसम्म चल्ने उनले जानकारी दिइन्।


## पाल्हीनन्दन गाउँपालिका
### गाँउ कार्यपालिकाको कार्यालय
बेलासपुर, नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल

### औषधी खरिद सम्बन्धी बोलपत्र दरभाउपत्र आह्वानको सुचना

(प्रथम पटक प्रकाशित मिति: २०८१/०८/१३)

यस पाल्हीनन्दन गाउँपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य संस्थाहरू सञ्चालनका लागि आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार आवश्यक पर्ने औषधीहरू खरिद गरी वितरण गर्नुपर्ने भएको हुँदा ईजाजत प्राप्त इच्छुक विक्रेता, फर्म, कम्पनी वा संस्थाहरूबाट तोकिएको शर्तहरूको अधिनमा रहि यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र कार्यालय समयमा दरभाउपत्र खरिद गरी ३१ औ दिन दिउसो १२:०० बजे भित्र पेश गर्न यो सुचना प्रकाशन गरिएको छ। बोलपत्र सम्बन्धी थप जानकारी कार्यालयको सुचना पाटी वा यस कार्यालयको webside मा राखिएको व्यहोरा अनुरोध छ।

| सि. नं. | कामको विवरण | ठेक्का नं. | धरौटी रकम |
|---|---|---|---|
| १ | औषधी खरिद | PNRM/NCB/MED/081/082/01 | ९२०००। |

प्रमुख प्रशासकीय अधिकृत



## Resunga Municipality
### Office Of The Municipal Executive
Tamghas, Gulmi
Request for Quotation
For

### HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING

(Date of First Publication: 2081/08/13)

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Resunga Municipality, Gulmi District has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for **Hiring a Firm for Skills Development Training in LL.**
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ)
3. Resunga Municipality, Gulmi District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S. N. | Description | RFQ Document fee (non-refundable) | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in LL<br>- Road repair and maintenance<br>- Masonry (brick and stone masonry) | 1000 | 2081-08-28 12:00 hours | 2081-08-28 12:00 hours | 2081-08-28 14:00 hours |

4. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
5. Qualified service providers experience and registered in the same district will get advantage.
6. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
7. The financial proposal should be submitted in a separate envelope. It will be opened only after the technical scores have been finalized, in the presence of the respective bidders.
8. The Municipality/Rural Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
9. For Quotation Document and other information please consult to the below address.

**Address:**
Resunga Municipality
Office of the Municipal Executive
Tamghas, Gulmi
Telephone No: 079-520150
Website: www.resungamun.gov.np

Chief Administrative Officer



## विजयनगर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
खुरुहुरिया, कापिलबस्तु
लुम्बिनी प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०८/१३

यस कार्यालयको तपसिलमा उल्लेखित खरिद कार्यको लागि मितिः २०८१/०६/२३ मा प्रकाशित सार्वजनिक सूचना बमोजिम नियमानुसार म्याद भित्र पर्न आएका बोलपत्रहरू मध्य तपसिलका बोलपत्रहरू प्राविधिक प्रस्तावमा उत्तिर्ण भै स्वीकृतिका लागि छनोट भएकोले खरिद नियमावली २०६४ को नियम ३१ ई को उपनियम ५ र नियम ५४(क), ६१,६२ बमोजिम प्राविधिक प्रस्ताव स्वीकृतिको आशयको सूचना जारि गरि उक्त बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव निम्न मिति र स्थानमा विधुतिय प्रणालीबाट खोलिने भएको हुनाले सबै बोलपत्रदाताहरूको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१) ठेक्का नं.: **02/NCB/WORKS/BRM/2081-82 (Jhuluniya Deupura Imilikharka Bijaynagar Sadak Kalopatre)**

| क. स. | प्राविधिक प्रस्ताव स्वीकृतिका लागि छनोट भएका बोलपत्रदाताहरु |
|---|---|
| १) | M/S SHree Krishna NirmaN Sewa , Sandhikharka-12, Argakhachi |
| २) | M/S BT-YAJIB-RAMKRISHNA J.V., Gadhawa-5, Dang |
| ३) | M/S Sambhav-Ishwori-Bageshwari JV, Runtigadhi – 06, Rolpa |
| ४) | M/S M.S. DEVELOPERS, Shivraj - 05, Kapilvastu |
| ५) | M/S K.C.-K. C.&B J/V, Shivraj - 07, Kapilvastu |

• आर्थिक प्रस्ताव खोल्ने मिति र समय :

मितिः २०८१/०८/२०

समयः दिउसो १२:०० बजे

स्थानः विजयनगर गाउँपालिकाको कार्यालय, खुरुहुरिया, कपिलवस्तु